# नेपाल युवा संस्था संजाल

## Association of Youth Organizations Nepal

को

## विधान २०६२ (2005)

प्रस्तावना :

युवा भविष्यका कर्णधार हुनुका साथै आजका साफ्देदार पनि हुन् । कुनै पनि राष्ट्र को समग्र विकासमा युवाहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । युवाहरु नेपाल अधिराज्य भरि नै विभिन्न युवा क्लब, संघ, संस्था, संगठन, आदीका माध्यमबाट संगठितभई युवा सशक्तिकरण तथा विकासमा कार्यरत छन् । युवा संस्थाहरुको काममा प्रभावकारीता ल्याउन, अनुभव साटासाट गर्न तथा युवा संघ संस्थाहरु बीच समन्वय, सहयोग तथा सहकार्यको विकास गरि समग्र राष्ट्र विकासकालागि यी संस्थाहरुबीच सम्पर्क तथा संजाल हुनु जरुरी छ । यिनै उद्धेश्यहरु परिपूर्ती गर्न नेपाल युवा संस्था संजाल Association of Youth Organizations Nepal (AYON) स्थापना गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भीक

१. संस्थाको नाम :

क. यस संस्थाको नाम नेपालीमा “नेपाल युवा संस्थाहरुको संजाल” र अंग्रेजीमा "Association of Youth Organization Nepal" रहने छ । छोटकरीमा अंग्रेजीमा AYON रहनेछ ।

ख. संस्थाको कार्यालय रहने ठेगाना :

यस संस्थाको केन्द्रिय कार्यालय काठमाण्डौंमा रहनेछ ।

ग. संस्थाको कार्यक्षेत्र :

यस संस्थाले काठमाण्डौंमा केन्द्रित भइ नेपाल अधिराज्यको सम्पूर्ण जिल्लाहरुमा आफ्नो काम गर्न सक्नेछ । भविष्यमा यसको औचित्य एवं व्यापकता हेरी कार्यसमितिले निर्णय गरे अनुरुपका स्थानहरुमा स्थानिय अधिकारीको स्विकृती लिई स्थानीय कार्यालय वा शाखाहरु खोल्न सकिनेछ ।

घ. प्रारम्भ :

यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क. विधान भन्नाले नेपाल युवा संस्थाहरुको संजाल Association of Youth Organisation Nepal (AYON) को विधान २०६२ (२००५) लाई मानिने छ ।

ख. संस्था भन्नाले नेपाल युवा संस्थाहरुको संजाल Association of Youth Organisation Nepal (AYON) लाई जनाउंदछ ।

ग. केन्द्रिय समिति भन्नाले संस्थाको केन्द्रिय कार्यसमितिलाई संफनु पर्दछ ।

घ. सभा भन्नाले विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

ङ. <u>पदाधिकारी</u> भन्नाले संस्थाको कार्य समिति सदस्यलाई संझनु पर्दछ ।

च. <u>नियम, विनियम</u> भन्नले यस विधान अन्तर्गत बन्ने नियम, विनियमलाई संझनु पर्दछ ।

छ. <u>स्थानिय अधिकारी</u> भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउनेछ ।

ज. <u>धारा, उपधारा</u> भन्नाले यसै विधानको धारा, उपधाराहरुलाई संझनु पर्दछ ।

झ. <u>स्थानीय निकाय</u> भन्नाले महानगर, उपमहानगर, गा.वि.स. र जि.वि.स.लाई जनाउनेछ ।

ञ. <u>तोकिएको वा तोकिए बमोजिम</u> भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

ट. <u>युवा</u> भन्नाले कुनै पनि व्यक्ति पुरुष वा महिला, जुनसुकै रंग, जात, जाति, धर्म, भेग वा भेष भुषाको, १६ देखि ३५ बर्ष उमेर समूहभित्र पर्ने व्यक्तिलाई बुझ्नु पर्दछ ।

ठ. <u>युवा संस्था</u> भन्नाले यूवाद्वारा यूवाहरुका विकासकालागी प्रत्यक्ष कार्य गर्ने संस्था भई कूल सदस्यता को ७५% युवा सदस्यहरु भइ कार्यसमितिमा समेत ७५% यूवा रहेको संस्था बुझ्नु पर्दछ ।

ड. <u>सदस्य</u> भन्नाले यस विधानको परिच्छेद ३ मा व्यवस्था भए बमोजिम सदस्यता प्राप्त गरेको युवा संस्था लाई बुझ्नु पर्दछ ।

३. संस्थाको छाप र चिन्ह :

प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुचि १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम र छाप पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संशोधनको प्रक्रियाद्धारा तुरुन्त संशोधन गरीनेछ ।

४. संस्थाको अस्तित्व :

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर नाफामुलक, गैर राजनीतिक तथा गैरसरकारी नितान्त सामाजिक सेवा भावले अभिप्रेरित युवा संस्थाहरुको सामूहिक संस्था हुनेछ ।

यो संस्था कानुनको दृष्टिले व्यक्ति सरह सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचविखन गर्न र मुद्दा मामिला गर्न सक्नेछ । साथै यस उपर पनि व्यक्ति सरह मुद्दा लाग्न सक्नेछ ।

# परिच्छेद २

## उद्देश्य

५. संस्थाको उद्देश्य :

प्रचलित ऐन कानून तथा श्री ५ को सरकारको नीति निर्देशनको अधिनमा रही सम्बन्धित निकायसंग समन्वय राखी कार्य गर्ने गरि यस संस्थाका निम्न उद्देश्यहरु रहेकाछन् :

क. देशभरि छरिएर रहेका युवा संस्थाहरुलाई एउटै संजालोमा ल्याई यूवा ससक्तिकरण तथा विकासकालागी सहयोग, सद्भाव र सहकार्यको विकास गर्ने ।

ख. नेपालका युवा संस्थाहरुको एउटा छाता संस्थाको रुपमा कार्य गर्ने ।

ग. यूवाका बिषय तथा सवालहरुलाई राष्ट्रिय एजेण्डा बनाउन वकालत गर्ने तथा सहजिकरण गर्ने ।

घ. यस संस्था तथा आबद्ध सदस्य युवा संस्थाहरुको क्षमता अभिबृद्धिकालागि विभिन्न कार्यक्रम, गोष्ठि, तालिम तथा सेमिनारहरुको आयोजना गर्ने ।

ङ नेपालका यूवा बिषयहरुमा श्री ५ को सरकार तथा सम्बन्धित निकायहरुलाई सल्लाह, सुझाव दिई कार्यान्वयन गराउन जोड दिने ।

च.	राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका बिभिन्न यूवा गतिबिधि तथा कार्यक्रम आयोजना गर्ने ।

छ.	अन्तराष्ट्रिय नीति निमार्ण तथा निर्णय गर्ने संस्थाहरु, युवा संगठन, सम्मलेन र अन्य क्षेत्रिय, अन्तराष्ट्रिय युवा मञ्चहरुमा नेपाली यूवा तथा युवा संस्थाहरुको प्रतिनिधित्व गर्ने ।

ज.	समग्र युवा विकासकालागि अन्तराष्ट्रिय यूवा संघ संस्था तथा संजालहरुसंग सम्पर्क, सहकार्य तथा संजाल विस्तार गर्ने ।

झ.	समग्र देश विकास र निर्माणका विभिन्न क्षेत्रहरुमा सहयोग पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गर्ने ।

६.	संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न निम्नानुसारका कार्यहरु गरिनेछ :

क.	समान उद्देश्य भएका वा संस्थाका उद्देश्यहरु संग सहमत हुने स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको सदस्यता प्राप्त गर्ने, आ नो सदस्यता प्रदान गर्ने र यी संघ संस्थाहरुसंग समन्वय राखी कार्य गर्न गराउन सक्नेछ ।

ग.	उद्देश्य प्राप्तिका लागि आवश्यक खोज तथा अनुसन्धान, तालिम, अध्ययन, भ्रमण, अन्तरक्रिया तथा गोष्ठी गर्न गराउन सक्नेछ ।

घ.	संस्थाको योजना तथा कार्यक्रमका सम्वन्धमा आवश्यक वुलेटिन, प्रकाशन, प्रचार सामाग्री, श्रव्य तथा श्रव्य दृश्य सामाग्री तथा बृत्तचित्रको निर्माण, प्रकाशन तथा प्रशारण गर्न गराउन सक्नेछ ।

ङ.	संस्थालाई आवश्यक पर्ने जग्गा खरिद गर्ने भवन निर्माण गर्ने, कार्यालय समान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने सक्नेछ ।

च.	संस्थालाई आवश्यक पर्ने कर्मचारीहरु नियुक्त गर्ने सेवाका शर्त तथा सुविधाहरुहरु निर्धारण गर्न गराउन सक्नेछ ।

छ.	संस्थाको उद्धेश्य प्राप्त गर्न विभिन्न परियोजना प्रस्तावनाहरु बनाएर अर्थ संकलन गरि परियोजना कार्यान्वयन गर्न गराउन सक्नेछ ।

ज.	संस्थाको काम कार्वाही चलाउन चाहिने श्रोतहरु (नगद वा जिन्सी) विभिन्न अर्थ संकलनका श्रोत तथा माध्यमबाट जुटाउन सक्नेछ ।

# परिच्छेद ३

## सदस्यता

७.	सदस्यहरुको बर्गिकरण :

१.	यस संस्थामा निम्न प्रकारका सदस्यहरु हुनेछन् :

क.	<u>संस्थापक सदस्य</u> :	यस संस्थाको स्थापनामा पहल गरि सक्रिय योगदान पुऱ्याउने यस विधानको दफा ३४ मा उल्लेखित व्यक्तिहरु संस्थाका संस्थापक सदस्यहरु हुनेछन् । संस्थापक सदस्यहरुको यस संस्थालाई विधिवत दर्ता गरि ६ महिना भित्र पहिलो साधारण सभा गरि कार्य समिति स्थापना गर्ने जिम्मा हुनेछ ।

ख.	<u>संस्थागत सदस्य</u> :	संस्थाको उद्देश्यसंग सहमत हुने तथा यस विधानले परिभाषित गरेको युवा संस्था भइ यस संस्थाले राखेका सदस्यताका शर्तहरु पूरा गर्ने नेपाल अधिराज्यका कुनै पनि युवा संस्था संस्थागत सदस्यताकालागि संस्थाद्धारा तोकिएको संस्थागत सदस्यता फारम भरि निवेदन दिएमा, कार्यसमितिको निर्णयद्धारा संस्थागत सदस्यता प्रदान गरिनेछ ।

ग.	<u>मानार्थ सदस्य</u> :	संस्थाको उद्देश्य पूरा गर्न मद्दत गर्ने र संस्थाले आवश्यक ठानेका व्यक्ति वा संस्थालाई कार्य समितिको निर्णयले संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सकिने छ । मानार्थ सदस्यता विदेशी सहयोगी व्यक्ति वा संस्थालाई पनि दिन सकिने छ । मानार्थ सदस्यले

छलफलमा भाग लिन पाउने छ तर मतदानमा भाग लिन पाउने छैन र गणपूरक संख्याकोलागि पनि समावेश हुने छैन ।

२. सल्लाहकार

संस्थाको हितको लागि विभिन्न विज्ञहरुलाई कार्यसमितिको निर्णयवाट सल्लाहकारको रुपमा राख्न सकिनेछ ।सल्लाहकारहरुको पदावधि २ वर्षको हुनेछ र कार्यसमितिको निर्णयबाट सल्लाहकारहरु फेरबदल गर्न सकिनेछ । सल्लाहकारहरुको संख्या समेत कार्यसमितिले निर्धारण गर्नेछ । सल्लाहकार विदेशी नागरिकहरुलाई पनि दिन सकिने छ ।

३. सदस्यको कर्तव्य :

क. यस संस्थाको प्रत्येक सदस्यले संस्थाको उन्नति र हितको लागि मन, वचन र कर्मले समर्पित हुनु पर्नेछ ।

ख. संस्थाको विधान तथा नियमहरुको अक्षरसः पालना गर्नु पर्नेछ ।

घ. संस्थाले सम्पादन गर्ने प्रत्येक कार्यहरुमा यथासक्य सक्रिय सहयोग गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

ङ. संस्थामाथि आई पर्ने वा आईपरेका संकटहरुको सामाना गर्नु सम्पूर्ण सदस्यको परम कर्तव्य हुनेछ ।

च. संस्थाको नीति, कार्यक्रम, सूचना तथा आह्वानप्रति सजग रही सक्रिय योगदान पुर्‍याउनु सबै सदस्यहरुको कर्तब्य हुनेछ ।

४. सदस्यको अधिकार तथा सुविधा :

क. संस्थाको प्रत्येक सदस्य संस्थाहरुलाई संस्थाको सम्पूर्ण कार्यहरुमा भाग लिन पाउने अधिकार सुरक्षित रहनेछ ।

ख. प्रत्येक सदस्य संस्थाहरुको तर्फबाट साधारण सभामा भाग लिने, कार्यसमितिको पदहरुकालागि उम्मेदवार हुने र मत दिने अधिकार हुनेछ । प्रत्येक सदस्य संस्थाको तर्फबाट १ भोट हुनेछ ।

ग. संस्थाको सम्पूर्ण काम कारवाहीप्रति आवश्यक जानकारी राख्न सबै सदस्यहरुलाई सु सूचित हुन पाउने हक सुरक्षित गरिएको छ । अति गोप्य वा विशिष्ट कागजातको हकमा अध्यक्षको अनुमति अनिवार्य रहनेछ ।

## ८. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :

यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :

क. यस विधानले परिभाषित गरेको युवा संस्था हुनु पर्दछ ।

ख. नेपाल अधिराज्यको कुनै एक जिल्ला प्रशासन कार्यलयमा दर्ता भइ कम्तिमा एक वर्ष पूरा गरेको हुनु पर्दछ ।

ग. युवा सम्बन्धित विषयहरुमा काम गरिरहेको हुनु पर्ने ।

घ. यस विधानको अधिनमा रहि उद्धेश्यहरु पालना गर्ने युवा संस्था हुनु पर्दछ ।

ङ. युवा शाखा तथा विभागहरुको हकमा यस विधानले परिभाषित गरेको युवा संस्था भइ तिनीहरुको मातृसंस्था जिल्ला प्रशासन कार्यलयमा दर्ता भएको हुनु पर्ने साथै यस्तो संस्थाले आफु स्थापना भएको कम्तिमा एक वर्ष पूरा गरेको हुनु पर्ने ।

च. क्षेत्रिय उपाध्यक्षले सदस्यताकोलागि सिफारिस गरेको हुनु पर्ने ।

छ. सदस्यता सम्बन्धि अन्तिम निर्णय कार्यसमितिको हुनेछ ।

## ९ संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :

१ संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था

देहायको अवस्थामा कुनै पनि संस्था संस्थाको सदस्यताको सदस्य पद वहाल रहन सक्नेछैन :

क. सदस्यको लागि योग्यता नपुगेको संस्थाको सदस्यता स्वतः समाप्ति हुनेछ ।

ख. सम्वन्धित संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको सदस्यको सदस्यता समप्ति हुनेछ ।

ग. सार्वजनिक सम्पत्ति हिनाविना गरेको ठहरेको संस्था ।

घ. यस संस्थाको जुनसुकै सदस्यले आ नो बाँकी बक्यौता फर्छौट गरी लिखितरुपमा आ नो राजिनामा पेश गरी सदस्यतावाट फुर्सद लिन सक्नेछन् ।

ङ. यस संस्थाको उद्देश्य र हित विपरित कुनै पनि विषयमा भाग लिएमा वा सहयोग गरेमा सदस्यता समाप्ति हुनेछ ।

२ सदस्यताको समाप्ति :

देहायको अवस्थामा संस्थाको सदस्यता वहाल रहने छैन ।

क. यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने संस्था

ख. साधारण सभाको ७५% सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग. सदस्यले आ नो पदवाट दिएको राजिनामा स्विकृत भएमा ।

घ. यस विधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।

ङ. वार्षिक सदस्यता शुल्क बुझाउन वाँकी भएमा वा संस्था विघटन भएमा ।

१०. सदस्यता शुल्क र नविकरण

क. संस्थागत सदस्य : प्रवेश शुल्क रु. ५००/ र वार्षिक शुल्क रु. १०००/ लाग्नेछ ।

ख. सदस्यताको अवधि श्रावण देखि असार मसान्त सम्मको हुनेछ । पहिलो वर्ष जुन सुकै समयमा सदस्यता लिएको भएता पनि त्यसको अवधि असार मसान्तसम्म मात्र हुनेछ ।

ग. सदस्यहरुले असार मसान्त भित्र वार्षिक शुल्क बुझाई नविकरण गर्नु पर्नेछ । नविकरण नगरी बाँकी रहेका सदस्यले आश्विन मसान्तभित्र नविकरण गरेमा ढिलो शुल्क रु १०० सहित रु ११०० तिर्नु पर्नेछ । पौष मसान्त भित्र नविकरण गरेमा ढिलो शुल्क रु २०० सहित रु १२०० तिर्नु पर्नेछ । चैत्र महिना भित्र नविकरण गर्ने सदस्यले ढिलो शूल्क रु ३०० तिरि रु १३०० तिर्नु पर्नेछ । चैत्र महिना भित्र नविकरण नगरेमा त्यस्तो सदस्यता स्वत खारेज हुनेछ । त्यस्ता सदस्यले नयां सदस्य सरह पुनः प्रवेश शुल्क बुझाई सदस्यता प्राप्त गर्नु पर्नेछ ।

घ. प्रवेश शुल्क तथा वार्षिक शुल्क यस संस्थाको कार्य समितिले परिवर्तन गर्न सक्नेछ ।

## परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्वन्धी व्यवस्था

११. साधारण सभाको गठन :

१. यस विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने सम्पूर्ण सदस्य युवा संस्थाहरुको प्रतिनिधिहरु सम्मिलित साधारण सभा गठन हुनेछ । संस्थाको मुख्य निर्णायक अंगको रुपमा रहेको यस सभामा मानार्थ सदस्य तथा सल्लाहकारहरु आमन्त्रित सदस्यको रुपमा सम्मिलित हुन सक्नेछन् ।

क. साधारण सभाको प्रतिनिधि संख्या कार्य समितिले निर्धारण गर्नेछ ।

ख. साधारण सभा प्रतिनिधिले मात्र सदस्य संस्थाको तर्फबाट कार्यसमितिको पदकोलागि उम्मेदवारी दिन तथा कार्य समितिको चुनाबको लागि मतदान गर्ने सक्नेछन् ।

२. यस संस्थाको साधारण सभाको अधिवेशन देहाय वमोजिम हुनेछ :

क. वार्षिक साधारण सभा : यो सभा वर्षको कम्तिमा १ पटक कार्यसमितिले बोलाउनेछ ।

ख. विशेष साधारण सभा : आवश्यक परेमा एक तिहाई सदस्य संस्थाहरुले विशेष साधारण सभाको माग गर्न सक्नेछन् । कार्य समितिको ५१ प्रतिशतको निर्णयबाट पनि विषेश साधारण सभा बोलाउन सकिने छ । तर सधारण सभा वा विशेष सभा बसेको ६ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन । विशेष साधारण सभामा तोकिएको विषयमा वाहेक अध्यक्षको पूर्व स्वीकृति नलिई छलफल गर्न सकिने छैन ।

३. यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगाबै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

४. उपदफा ३ बमोजिम बोलाईएको सभा वा विशेष साधारण सभामा गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पूनः साधारण सभा बोलाइने छ ।

## १२. साधारण सभाको काम, कर्तव्य र अधिकार :

क. यस सभाले संस्थाको नियमानुसार आधारभूत नीति निर्देशन, योजना तथा कार्यक्रमहरुको सम्वन्धमा निर्णय गर्नेछ । साथै कार्यसमितिले गरेका निर्णयहरुमा आवश्यक अनुमोदन गर्नेछ ।

ख. यसै सभाद्वारा कार्यसमितिको चुनाव गोप्य मतदान वा सर्वसम्मतीवाट गरिनेछ ।

ग. यस साधारण सभाले कार्यसमितिले गरेका कार्यहरुको समिक्षा गर्ने तथा महासचिव र कोषाध्यक्षहरुद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन तथा लेखा परिक्षणको प्रतिवेदन उपर अध्ययन तथा छलफल गरी पारित गर्नेछ ।

घ. संस्थाको बिधान संशोधनको लागि कार्यसमितिद्धारा पेस भएमा विधान संसोध, नियम तथा विनियम स्वीकृत गर्नेछ ।

ङ. आगामी वर्षको वार्षिक कार्यक्रम तथा बजेट पेश गरि पारित गर्नेछ ।

च. साधारण सभाले यस संस्थाको कुनैपनि सदस्यलाई निजको खराब आचरण वा अन्य गलत क्रियाकलापका वारेमा स्पष्टीकरण सोदन सक्नेछ । सन्तुष्टिपूर्ण जवाफ नआई शंकास्पद चरित्र भेटिएमा निलम्वन वा सदस्यताबाट अलग गर्न सक्नेछ ।

## १३. कार्यसमितिको गठन

क. साधारण सभाका सदस्यहरुवाट निर्वाचित अध्यक्ष, कार्यकारी उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष एक एक जना, ५ जना क्षेत्रिय उपाध्यक्ष तथा वढीमा ५ जना सदस्य गरि वढिमा १५ सदस्यीय एक कार्य समिति गठन गरिने छ । क्षेत्रिय उपाध्यक्षको हकमा ५ विकास क्षेत्रलाई प्रतिनिधित्व गर्ने ५ जना चयन गरिनेछ । यस्ता संस्थाहरु तिनै विकास क्षेत्र भित्र पर्ने जिल्ला प्रशासन कार्यलयमा दर्ता भइ काम गरेको हुनु पर्नेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| कार्यकारी उपाध्यक्ष | १ जना |
| महासचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सचिव | १ जना |
| क्षेत्रिय उपाध्यक्ष | ५ जना (पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल, सुदुर पश्चिमाञ्चल) |
| सदस्य | ५ जना |

ख. केन्द्रिय कार्यसमितिका सबै पदहरुको चयन साधारण सभाबाटै निर्वाचनको माध्यमबाट हुनेछ ।

ग. कार्यसमितिको पदावधि २ वर्षको हुनेछ । प्रत्येक २ वर्षमा कार्य समितिको चुवान हुनेछ ।

घ. केन्द्रिय कार्यसमितिको बैठक कम्तिमा वर्षको ४ पटक, अध्यक्षको निर्देशनमा महासचिवले बोलाउने छ । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१% सदस्यले बैठक वोलाउन माग गरेमा तुरुन्त बैठक वोलाउन अध्यक्षले महासचिवलाई निर्देशन दिनु पर्नेछ ।

ङ. कार्य समितिका पदाधिकारीहरुको कूल संख्याको ५१% पदाधिकारीहरु उपस्थित भै कार्यसमितिको बैठक वस्न सक्नेछ ।

च. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

छ. कार्यसमितिको प्रत्येक सदस्य अध्यक्षप्रति उत्तरदायी रहनेछन् ।

ज. कार्यसमितिका सदस्यको स्थान रिक्त भएमा रिक्त पद कार्यसमितिको निर्णयबाट मनोनयन गरेर उक्त पदको बाँकि अवधिसम्मको लागि पदपूर्ति गरिनेछ ।

झ. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्य समितिको निर्णयवाट हुनेछ ।

ञ. कार्य समितिमा निर्वाचित भए पश्चात संस्थाको काम कार्वाहीकालागि कार्य समिति सदस्यहरुले आफू आवद्ध भएको संस्थाको नभइ यस संस्थाको प्रतिनिधित्व गर्नेछ । साथै निर्वाचित सदस्यहरुले आफुले प्रतिनिधित्व गर्ने सदस्य संस्थाको सम्हाली आएको पद वा जिम्मेवारी भने छोड्न बाध्य हुने छैन । तर कार्य समितिमा निर्वाचित सदस्यहरु उनीहरु आबद्ध भएको युवा संस्था विगठन भएमा वा सो संस्थाको सदस्य नरहेमा स्वत पदमुक्त हुनेछन् ।

१४. **कार्यसमितिको काम, कर्तव्य र अधिकारः** कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

ख. विधान बमोजिमको व्यवस्था पालना गरि साधारण सभाको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

ग. यस संस्थाको औपचारिक प्रतिनिधित्व गर्ने ।

घ. आ ना सदस्हरुको पेशागत हितको संरक्षण र सुविधाको लागी सम्बन्धित निकायहरु (संघ, संस्था तथा प्रतिष्ठान) संग सम्बन्ध स्थापित गरी आवश्यक काम कारवाही गर्नेछ ।

ङ. यस संस्थाको विधान र नियमहरुको अधिनमा रही दैनिक कारवाही संचालन गर्नेछ ।

च. वार्षिक कार्यक्रम तथा बजेट मस्यौदालाई साधारण सभाद्वारा अनुमोदन गराउनेछ ।

छ. यस संस्थाको सदस्यता ग्रहण गर्न चाहनेलाई सदस्यता प्रदान गर्नेछ ।

ज. कारवाहीमा परेका सदस्यहरुको आवश्यक छानविन पश्चात आ नो सिफारिस सहित साधारण सभामा पेश गर्नेछ ।

झ. यस संस्थाको दैनिक कार्य अन्तर्गत लेखा र प्रशासन सम्बन्धि कार्यक्रमको जिम्मा लिनेछ र आर्थिक नियमावलीको अधिनमा रही आर्थिक कारोवार गर्नेछ ।

ञ. आवश्यकता हेरी समय अनुसार आकस्मिक साधारण सभा बोलाउन सक्नेछ ।

ट. स्थानिय, क्षेत्रिय, राष्ट्रिय वा अन्तराष्ट्रिय सभा, गोष्ठी, बैठक वा भ्रमणमा भाग लिन यस संस्थाको प्रतिनिधि मण्डलको मनोनयन गर्नेछ ।

ठ. यस संस्थाको सम्पूर्ण सदस्यहरुको संस्थागत विवरण राख्नेछ ।

ड. कार्य समिति सदस्यको सदस्यता निम्न लिखित अवस्थामा समाप्त हुनेछ : राजिनामा दिएमा, सन्तोषजनक सूचना नदिई कार्य समितिको बैठकमा लगातार तीन पटक सम्म अनुपस्थित भएमा, पदिय दायित्व पुरा नगरेमा र संस्थाको सदस्य नरहेमा ।

१५ **पद त्याग गर्न सक्ने :** अध्यक्षले कार्यकारी उपाध्यक्ष मार्फत कार्य समिति समक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

१६. अन्य समितिहरुः यस संस्थाको कार्य संचालनार्थ निम्नानुसारका समितिहरु रहनेछन् ।

क. सदस्यता समिति :

केन्द्रिय कार्य समितिले कार्यसमिति सदस्यहरु मध्ये १ जनाको अध्यक्षतामा ३ सदस्यीय सदस्यता समिति साधारण सभाको बैठकमा गठन गर्नेछ । सदस्यता समितिको कार्यावधि १ वर्षको हुनेछ । सदस्यता समितिले सदस्यताकालागि प्रचार प्रसार गर्ने, सदस्यताकालागि प्राप्त आवेदनहरुको पुनरावलोकन गरि समिति अध्यक्ष मार्फत कार्यसमितिको बैठकमा निर्णयार्थ प्रस्तुत गर्नेछ ।

ख. अन्य समिति, उप समिति :

आवस्यकता अनुसार केन्द्रिय कार्य समितिले अन्य समिति, उप समितिहरुको गठन गर्न सक्नेछ । तर यस्तो निर्णय साधारण सभाको बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ । समिति तथा उप समितिहरुको कार्यहरु कार्य समितिले तोकीदिए बमोजिम हुनेछ ।

## परिच्छेद ५

## पदाधिकारीको काम, कर्तव्य र अधिकार

१७. पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार : कार्य समितिका पदाधिकारहिरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. अध्यक्ष :

क. अध्यक्षले यस संस्थाको वैधानिक नेतृत्व गर्नेछ ।

ख. साधारण सभा तथा कार्यसमितिको बैठकहरुको अध्यक्षता अध्यक्षले गर्नेछ ।

घ. यस संस्थाको सम्पूर्ण सम्पत्तिको संरक्षण, रेखदेख र नियन्त्रणका साथै आवश्यक निर्देशन प्रदान गरी लक्ष्य प्राप्ति प्रति गतिशिलता तथा निरन्तरता दिने कार्य अध्यक्षको हुनेछ ।

ङ. एक तिहाई सदस्यहरुवाट आकस्मिक साधारण सभाको लिखित माग प्राप्त भएको खण्डमा अध्यक्षले बैठक बोलाउनु पर्नेछ ।

च. यस संस्थाको कुनै पनि कार्यक्रम नियम अनुसार तथा सम्बन्धित निकायको निर्णय अनुसार भए गरेको तथा कार्यान्वयन भए नभएको हेरचाह गर्नु अध्यक्षको कर्तव्य हुनेछ ।

छ. संस्थाको कार्यक्रम तथा कृयाकलापलाई कार्यान्वयन गर्दा कार्यसमितिका सदस्यहरु पूर्ण रुपमा अध्यक्ष प्रति उत्तरदायी हुनेछन् ।

२. कार्यकारी उपाध्यक्ष :

क. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्दै आएको सम्पूर्ण कामहरु जिम्मेवारीपूर्वक सम्हाल्नु पर्नेछ ।

ख. अध्यक्षबाट प्रत्यायोजित कार्यप्रति पूर्ण रुपमा लाग्नु पर्नेछ ।

ग. कार्यसमिति वा अन्य समितिका कार्यहरु प्रति कार्यकारी उपाध्यक्षले पदअनुरुप जिम्मेवरी तथा कर्तव्य निर्वाह गर्नुपर्नेछ ।

३. महासचिव :

क. अध्यक्षको निर्देशनमा साधारण सभा तथा कार्यसमितिको बैठक बोलाउने ।

ख. अध्यक्षको निर्देशनमा यस संस्थाको दैनिक प्रशासकीय कार्यहरुको रेखदेख नियन्त्रण तथा पत्राचार गर्ने र निर्देशन दिने ।

ग. साधारण सभा तथा कार्यसमितिले पारित गरेका निर्णय तथा कार्यक्रमको विस्तृत विवरण सहितको माइन्युट तयार गरि सुरक्षितसाथ राख्ने ।

घ. पारित कार्यक्रमलाई कार्यान्वयनका लागि संस्थाका सदस्यहरु मध्ये जसको सकृयतामा कार्य सम्पन्न हुन्छ उसैलाई जिम्मेवारी सुम्पने तथा कार्य प्रगति प्रतिवेदन कार्यसमितिमा उपलब्ध गराउने जिम्मा महासचिवको हुनेछ ।

ङ. साधारण सभा तथा कार्यसमितिले पारित गरेका निर्णयहरु कार्यान्वयन गराउने जिम्मा महासचिवमा हुनेछ ।

च. संस्थाको वार्षिक प्रतिवेदन कार्यसमितिको तर्फवाट अध्यक्षको सहमतिमा साधारण सभामा पेश गर्ने जिम्मा महासचिवको हुनेछ ।

४. सचिव :

क. महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सम्पूर्ण कामहरु सचिवबाट हुनेछ ।

ख. महासचिवको हरेक कार्य प्रति सहयोगिको रुपमा कार्य गर्नु पर्नेछ ।

५. कोषाध्यक्ष :

क. यस संस्थाको सम्पुर्ण सम्पत्तिहरु, नगद तथा वार्षिक कारोवारको जिम्मा कोषाध्यक्षले लिनुपर्नेछ ।

ख. सदस्यता शुल्क तथा अन्य आयस्रोतका रकम उठाउने संवन्धि ताकेता पत्राचार कोषाध्यक्षबाटै हुनेछ ।

ग. यस संस्थाको आय व्ययको हिसावका खाताहरु सहिढंगले सम्वन्धित निकायहरुको निर्णयअनुसार दुरुस्त अभिलेख राख्ने जिम्मेवारी कोषाध्यक्षलाई नै हुनेछ ।

घ. वार्षिक आर्थिक प्रतिवेदन लेखापरिक्षणको प्रतिवेदन आगामी वर्षकोलागी समेत कार्यसमितिको तर्फवाट साधारण सभा समक्ष पेस गर्नुपर्नेछ ।

६. क्षेत्रिय उपाध्यक्ष :

क. आफूले प्रतिनिधित्व गर्ने क्षेत्रको संलग्नता तथा त्यस क्षेत्रमा हुने कामहरु जिम्मेवारीपूर्वक सम्हाल्नु पर्नेछ ।

ख. आफूले प्रतिनिधित्व गर्ने क्षेत्रबाट आउने नँया सदस्यहरुको आवेदनमा उपयुक्त आवेदनहरु सिफारिस गरिदिनु पर्नेछ ।

ग. कार्यसमिति वा अन्य समितिका कार्यहरु प्रति क्षेत्रिय उपाध्यक्षले पदअनुरुप जिम्मेवरी तथा कर्तव्य निर्वाह गर्नुपर्नेछ ।

७. सदस्यहरुको काम कर्तव्य र अधिकार :

क. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख. संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग. कार्यसमिति वा अन्य समितिका कार्यहरु प्रति सदस्य पदअनुरुप जिम्मेवरी तथा कर्तव्य निर्वाह गर्नुपर्नेछ ।

## १८. गणपूरक संख्या :

क. कुल सदस्य संख्याको ६० (साठी) प्रतिशत सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुनेछैन । गणपूरक संख्याकोलागि साधारण सभा प्रतिनिधिहरुको नभइ सदस्य युवा संस्थाको संख्या गणना गरिनेछ ।

ख. विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पून: वोलाईएको साधारण सभामा उपस्थित संख्याको ५१% उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

ग. तर ख बमोजिम पनि सभाको गणपूरक संख्या पुग्न नसकी पून: दफा ११ को (५) मा उल्लेख भए बमोजिम वोलाइएको सभामा उपस्थित सदस्य संख्यालाई नै सभाको गणपुरक संख्या मानिने छ र सभा गर्न वाधा पर्नेछैन ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

१९. संस्थाको कोष : यस संस्थाको आर्थिक कोष देहाय बमोजिमको हुनेछ :

१. संस्थाको आ नो एउछा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछ ।

क. सदस्यता वापत प्राप्त प्रवेश शुल्क तथा बार्षिक सदस्यता शुल्क ।

ख. अन्य कुनै श्रोतबाट प्राप्तहुने सहयोग र अनुदान रकम ।

ग. स्थानीय निकायवाट प्राप्त अनुदान वा सहयोग प्राप्त रकम ।

घ. आयश्रोतका अन्य माध्यमहरु पनि कार्यसमितिले निर्धारण गर्न सक्नेछ ।

ङ. विदेशी संस्था, समुह वा संस्थावाट आर्थिक सहयोग तथा अनुदान लिनु परेमा श्री ५ को सरकारको स्विकृती लिईनेछ ।

२०. खाता संचालन :

आर्थिक श्रोतमा उल्लेख गरिएका श्रोतहरुबाट प्राप्त रकम संस्थाकै नामबाट कोष खडागरी स्थानीय वाणिज्य बैंकमा खाता खोली राखिने छ । खाता संचालन अध्यक्ष वा महासचिव र कोषाध्यक्षको अनिवार्य संयुक्त हस्ताक्षरद्धारा हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

२१. कोषको रकम खर्च गर्ने तरिका :

क. यस संस्थाको नाममा जुनसुकै स्रोतबाट प्राप्त भएका रकमहरु कार्यसमितिको निर्णयानुसार स्थानीय वाणिज्य बैकमा खाता खोली जम्मा गरिनेछ ।

ख. आर्थिक कारोबार सकेसम्म चेकबाटै गर्नुपर्नेछ । तर रु ५०००/ सम्मको कारोबारको लागि नगदको व्यवस्था गरी सोको संचालन कोषाध्यक्षबाटै वा तोकिएको कर्मचारीबाट गरिनेछ ।

ग. यस संस्थाको खरिद प्रकृयादेखि भुक्तानी कार्यहरु सबै आर्थिक नियमको परिधिभित्र रही बजेट अनुसार नै हुनु पर्नेछ । बजेट रकमको हकमा कार्यसमितिले तोकेको हनुपर्नेछ ।

घ. आकस्मिक घटना परेमा अध्यक्षले एकपटकमा रु ५००० मा नबढाई खर्च गर्न सक्नेछ । यसरी खर्च भएको रकम कार्यसमितिको बैठकमा पेश गरी खर्चको अनुमोदन लिनु पर्नेछ ।

ङ कार्यसमितिद्धारा तोकिएको बजेट शिर्षकभित्र नपरेका खर्च रकमको हकमा आगामी बैठकमा प्रस्तुत गरी अनुमोदन गराउनु पर्नेछ ।

२२. संस्थाको लेखा र लेखा परिक्षण :

क. यस संस्थाको आम्दानी खर्चको बार्षिक हिसाब प्रचलित कानून बमोजिम राखिनेछ ।

ख. संस्थाको लेखा परिक्षण श्री ५ को सरकारबाट मान्यता प्राप्त रजिष्टर्ड लेखा परिक्षकद्धारा गराईने छ ।

ग. उक्त लेखा प्रतिवेदन साधारण सभावाट पारित गरिएपछि प्रमुख जिल्ला अधिकारी, जि.वि.स, समाजकल्याण परिषद् एवं संबन्धित निकाय समक्ष पेश गरिने छ ।

घ. श्री ५ को सरकार वा स्थानीय अधिकारीले चाहेमा जुसुकै वखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसावकिताव जाँच गर्न गराउन सक्नेछ ।

ङ. लेखा परिक्षकको नियुक्ति साधारण सभावाट हुनेछ । तर प्रथम साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिवाट हुनेछ ।

## परिच्छेद ७
## निर्वाचन सम्वन्धी व्यवस्था

२३. निर्वाचन सम्बन्धी व्यवस्था :

क. कार्यसमितिको निर्वाचनको लागि कार्यसमितिले वढीमा ३ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ । निर्वाचन सम्पन्न भएपछि सो निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

ख. निर्वाचन सम्वन्धी कार्यविधि निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

ग. निर्वाचन सम्वन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

घ. कार्यसमितिको निर्वाचन प्रत्येक २ वर्षमा साधारण सभा मार्फत सकेसम्म आम सहमतिको आधारमा हुनेछ ।

ङ. कार्यसमितिमा अध्यक्ष, कार्यकारी उपाध्यक्ष, महासचिव, सचिव तथा कोषाध्यक्षका पदहरु कुनै एक सदस्य संस्थाबाट एक पदमात्र हुन सक्नेछ ।

च. कार्य समितिको कुनै एक पदमा एक व्यक्ति वा सदस्य संस्था बढीमा लगातर २ पदावधि सम्म मात्र रहन सक्नेछन् ।

२४. उम्मेद्बार हुनको लगि योग्यताः

कार्य समितिको उम्मेद्वार हुनकोलागि कुनै पनि सदस्य संस्थाको तर्फबाट साधारण सभामा प्रतिनिधित्व गर्ने ३४ वर्ष उमेर ननाघेका सदस्यहरु मात्र केन्द्रिय कार्यसमितिको निर्वाचनमा भाग लिन र उम्मेद्वार बन्न सक्नेछन् ।

## परिच्छेद ८
## विविध

२५. अविश्वासको प्रस्ताव :

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीहरुको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क. नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

ख. प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्दछ ।

ग. साधारण सभा सदस्यहरु मध्येवाट कम्तिमा एक चौथाई सदस्यहरुको प्रस्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्नेछ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११(४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सुचना दिइने छ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :

क. साधारण सभाका अध्यक्षले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आ नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख. उप दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आ नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य ३ जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग. उप दफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो सभा अध्यक्षले ती पदाधिकारीहरुलाई आ नो सफाई पेश गर्ने मौका दिइ आ नो भनाईहरु राख्न अनुमति दिनेछ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णय :

१. अविश्वासको प्रस्ताव उपर आ नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि सभा अध्यक्षले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ :

क. अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक पक्षमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख. साधारण सभाको सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्ति वा संस्थाहरु पद मुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो संस्था उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइनेछैन ।

## २६. विधान संशोधन :

विधान संशोधन गर्नु परेको खण्डमा संबन्धित विषयको प्रस्ताव सहित साधारण सभामा प्रस्तुत हुन आएमा दुई तिहाई बहुमतको आधारमा संशोधन गरिनेछ र स्थानीय अधिकारीवाट स्विकृति लिएर विधान लागू हुनेछ ।

## २७. नियम बनाउने :

क. कार्यसमितिले आवश्यकता अनुसार संस्था दर्ता ऐन २०३४ तथा यस विधानको अधिनमा रही नियम, विनियम तथा कार्य निर्देशिका बनाई जारी गर्न सक्नेछ । स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

ख. यो विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्वन्धी विनियम बनाई लागु गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## २८. कर्मचारी व्यवस्था :

क. संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधी तोकिए बमोजिम हुनेछ ।

ख. संस्थाले विदेशी सहयोग प्राप्त गरी संचालन गर्न, विदेशी सल्लाहकार वा स्वयम् सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाजकल्याण परिषद्मा समेत जानकारी गराइनेछ ।

## २९. संस्था खारेजी :

क. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरि संस्था खारेजी गर्न सक्नेछ ।

ख. उपदफा क बमोजिम संस्थाको खारेजी प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा वढी लिक्विडेटरहरु र संस्थाको हिसाव किताव गर्नको लागि एक वा एक भन्दा वढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछ ।

ग. उपदफा ख बमोजिम नियुक्त लिक्विडेटर र लेखा परिक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

घ. यसरी संस्था विघटन भएमा संस्थाको दायित्वको फरफारक गरी वाँकी संपूर्ण जायजेथा श्री ५ को सरकारको हुनेछ ।

३० व्याख्या : यो विधान र विधान अन्तर्गत बनेको नियम, विनियमको अन्तिम व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

३१. गोप्यता भंग गर्न नहुने : यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शव्दको प्रयोग गर्न पाइने छैन । साथै संस्थाले गोप्यता राख्नु पर्ने विषयलाई गोप्य राख्नु पर्दछ । यस्तो नगरेमा कार्य समितिको निर्णय अनुसार कार्वाही हुनेछ ।

३२. ऐन अनुसार हुने : यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ । संस्था दर्ता ऐन नियम र प्रचलित कानून संग वाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

३३. निर्देशनको पालना : श्री ५ को सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३४. तदर्थ समिति

संस्था दर्ता भइ विधान अनुसार नँया कार्य समिति गठन नभएसम्मकालागि देहाय बमोजिमको संस्थापक सदस्यहरु यस विधान अनुसारको कार्य समितीको काम गर्नेछ । साथै यस तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउने र सोको जानकारी स्थानीय अधिकारीलाई दिने छ ।

| क.सं | पद | नाम थर |
|---|---|---|
| १ | अध्यक्ष | राजेन्द्र मुल्मी |
| २ | उपाध्यक्ष | प्रकाश भट्टराई |
| ३ | महासचिव | सुद्युम्न दाहाल |
| ४ | सचिव | कविन्द्र बुर्लाकोटी |
| ५ | कोषाध्यक्ष | सौरभ ज्योती |
| ६ | सदस्य | लेखनाथ निरौला |
| ७ | सदस्य | रमन भट्टराई |
| ८ | सदस्य | सुवास खतिवडा |
| ९ | सदस्य | तोया धिमिरे |
| १० | सदस्य | मुक्तिनाथ अधिकारी |
| ११ | सदस्य | सूर्य प्रकाश गुरुङ्ग |

# अनूसूचि १

## संस्थाको छाप र लोगोको विवरण

यस संस्थाको निम्न बमोजिमको छाप हुनेछ ।